नेपाल सरकार
गृह मन्त्रालय
**प्रहरी प्रधान कार्यालय**
प्रहरी महानिरीक्षकको सचिवालय

फोन: ०१-४४११२१०
१०२,११५,११६
Ext:
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
**नक्साल, काठमाण्डौ**

(०७४/०७५) च.नं.

**मिति: २०७५।०३।२१ गते।**

## प्रेस विज्ञप्ति

आज मिति २०७५।०३।२१ गते सामाजिक संजाल (Viber लगायतमा) मा श्री अर्थ मन्त्रालय, बजेट तथा कार्यक्रम महाशाखाको च.नं. १०४१ मिति २०७५/३/१४ गतेको विषय निकासा सम्बन्धमा श्री गृह मन्त्रालय, सिंहदरबारलाई पत्राचार गरिएको पत्र गलत अभिप्राय प्रवाह हुने गरी अमर्यादित तवरले Upload गर्ने कार्य भएको सम्बन्धमा प्रहरी प्रधान कार्यालयको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा उल्लिखित विषयमा समग्र प्रहरी कर्मचारीको औषधी उपचार खर्च उपलब्ध गराउन नसकिने भन्ने व्यहोराको नभई प्रतिनिधी सभा र प्रदेश सभा निर्वाचन २०७४ को सिलसिलामा सुरक्षार्थ थप मद्दतको लागि अछाम जिल्ला अन्तरगत साँफे बगर न.पा. वडा नं. ३, स्थित प्रभाधमकोट मा.वि. दयागडामा खटिएको अवस्थामा घाईते भई उपचार गराई रहेका मध्ये प्र.ज. हिक्मत बि.क. को थप उपचार खर्च माग गरिएको पत्रको जवाफ मात्रै रहेको व्यहोरा जानकारी गराईन्छ।

साथै प्रहरी नियमावली बमोजिम प्रहरी कर्मचारीहरुले पाउने औषधी उपचार, घर बिदा लगायत अन्य सुविधाहरु कानुनमा तोकिए बमोजिम नै यथावत रहेको पनि सम्बद्ध सबै पक्षलाई जानकारी गराईन्छ।

नेपाल प्रहरीसंग सम्बन्धित सो पत्र गलत नियतले Upload गरिएको देखिएकोले यस प्रकारका गैह व्यवसायिक कार्य नगर्न र यस्ता सूचनाहरुको अनर्गल प्रचार प्रसार नगर्नु हुन पनि आग्रह गरिएको छ। साथै यस प्रकारका कपोलकल्पित र भ्रामक समाचारहरुमा विश्वास नगर्नु हुन पनि सम्बन्धित सबै पक्षहरुलाई जानकारी गराईन्छ।

**प्रहरी बरिष्ठ उपरीक्षक**
**(शैलेश थापा क्षेत्री)**
**केन्द्रीय प्रहरी प्रवक्ता**